# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण (स्वतःप्रकाशन)

**अवधि : २०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्म**

## १. कार्यालयको स्वरूप र प्रकृति

नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा गएपछि वि.सं.२०७३ साल फागुन २७ गते जलविरे, फूल्पिङकोट, फूल्पिङडांडा र मांखा गा.वि.स.हरू समेटी यस बलेफी गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिकामा ८ वटा वडाहरू रहेका छन् । नेपालको संविधानको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सरकारका तीनैवटा अंगहरू व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका समेतको परिकल्पना गरे अनुरूप यस गाउँपालिकामा पनि ती सबै अंगहरूको व्यवस्था गरिएको छ । यस क्षेत्रका बासिन्दाहरूको अपेक्षा, आकांक्षा, भावना तथा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसाथ गरी गतिशिल समाजको निर्माण तथा आर्थिक, सामाजिक समुन्नतिको पथमा अग्रसरताका साथ काम गर्दै आइरहेको छ । गाउँपालिकाभित्र नियमित प्रशासनिक, आकस्मिक तथा विकासात्मक कार्य गरी दीगो शान्ति, विकास, सुशासन कायम गरी समृद्धिको मार्गतर्फ उन्मुख भइरहेको छ ।

### क. दीर्घकालीन सोच

"कृषि योग्य व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ" भन्ने २० वर्षे दीर्घकालीन सोचका साथ यस गाउँपालिकाका नीति, कार्यक्रम तथा योजनाहरु लक्षित हुनेछन् ।

### ख. लक्ष्य

कृषि, पर्यटन, व्यवसाय तथा व्यापारको माध्यमबाट सुखी एवम् समृद्ध बलेफीको मार्ग ५ वर्षे लक्ष्यमा गाउँपालिका केन्द्रीत हुनेछ ।

### ग. उद्देश्यहरू

१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर बलेफीको आधार तयार गर्ने ।
२. सामाजिक क्षेत्रको विकासद्धारा बलेफीबासीको आधारभूत सेवामा पहुँच सुनिश्चितता गर्ने ।
३. प्राथमिकताका आधारमा दीगो एवम् आधुनिक भौतिक संरचनाको विकास गरी समृद्ध बलेफी निर्माण गर्ने ।
४. भु-उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायु परिवर्तनका असरहरू न्यूनिकरण गर्ने ।
५. संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु ।
६. सामाजिक न्यायका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

**(१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :**

- नगर प्रहरीको गठन, संचालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने ।

- सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन, नियमन, दर्ता, अनुमति, खारेजी, विघटन, संघ प्रदेशसंग समन्वय, तथ्यांक व्यवस्थापन र क्षमता अभिबृद्धि गर्ने ।
- एफ.एम. संचालन अनुमति, नवीकरण, नियमन र खारेजी गर्ने ।
- स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर निर्धारण, संकलन व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन तथा नियमन गर्ने ।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवा सर्त योजना, कार्यान्वयन र नियमन जनशक्ति व्यवस्थापन र बृत्तिविकास गर्ने ।
- स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने ।
- आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति, कानून र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरू गठन तथा संचालन गर्ने ।
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिस्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लगत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता प्रामाणपूर्जा वितरण सम्बन्धी कार्य गर्ने ।
- जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने ।
- बेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण गर्ने ।
- खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पीक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- भाषा, संस्कृति र ललितकलाको संरक्षण सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।

**(२) गाउँपालिकाले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भएबमोजिम हुनेछ । सो अनुरूप सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा संघ र प्रदेश कानूनको अधीनमा रहने गरी तोकिएका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

**क. खेलकुद र पत्रपत्रिका**

१. स्थानीयस्तरको खेलकुदको संरचनाको पूर्वाधार निर्माण, संचालन तथा विकास,
२ स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय,
३. खेलकुद विकास र प्रवर्धन,
४. खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
५. खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
६. स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

१. संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
२. जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, संचालन अनुमति र नियमन,
३. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
४. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
५. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
६. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक न्यूनीकरण,
७. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,
८. स्थानीयस्तरमा स्वास्थ्य र सूचना प्रणालीको व्यवस्थापन,
९. स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
१०. स्थानीयस्तरको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा संचालन,
११. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्धन,
१२. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
१३. सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिबृद्धि,
१४. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,
१५. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
१६. रोगको नियन्त्रण तथा रोकथाम,

१७. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**ग. विद्युत, खानेपानी तथा सिंचाई जस्ता सेवाहरू**

१. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,
२. खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,
३. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत संभार, सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

१. स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी संकलन, समन्वय र नियमन,
३. खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी संकलन,
४. सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन,
५. पानी घट्ट, कुलो, पैनी जस्ता सेवा संचालनबाट प्राप्त रोयल्टी संकलन ।

**ङ.वन, जंगल, वन्यजन्तु, चराचुरूगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

१. वन, जंगल, वन्यजन्तु, चराचुरूगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
२. स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण सम्बर्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,
३. मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,
४. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
५. स्थानीयस्तरमा निजी वनको प्रवर्धन, अनुगमन र नियमन,
६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
७. स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रबर्धन, प्रशोधन र बजार व्यवस्थापन,
८. वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रबर्धन,
९. नर्सरी स्थापना, बिरूवा उत्पादन, वितरण, रोपण र प्रबर्धन,
१०. वन्यजन्तु र चराचुरूगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
११. मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यस्थापन,
१२. स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र संचालन,
१३. स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
१४. स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
१५. स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरूगींको अभिलेखांकन र अध्ययन अनुसन्धान,
१६. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
१७. मिचाहा प्रजातिको नियन्त्रण,
१८. स्थानीयस्तरको जोखिम न्यूनीकरण,
१९. जैविक विविधताको अभिलेखांकन,

रेवन्त दाहाल
प्रशासकीय अधिकृत

२० स्थानीयस्तरमा हरियाली प्रबर्धन,

२१. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन,

२२. रैथाने प्रजातिको संरक्षण र प्रबर्धन,

२३. स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

२४. स्थानीयस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन र व्यवस्थापन,

२५. स्थानीयस्तरमा न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

२६. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

१. सामाजिक सरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

२. लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

३. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासंग सम्पर्क, समन्वय र सहकार्य,

४. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्यांक र सूचना व्यवस्थापन,

५. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

६. स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक**

१. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

२. व्यक्तिगत घटनाको स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

३. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्धन र पुनःनिर्माण**

**झ. सुकुम्बासी व्यवस्थापन**

१. सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

२. सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

१. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको संकलन तथा बाँडफाँट

**ट. सवारी साधन अनुमति**

१. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. स्थानीय सार्वजनिक यातायातको रूट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन,

३. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपांगता र लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रबर्धन ।

(३) माथि उल्लेखित अधिकारका अतिरिक्त गाउँपालिकाको थप काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. भूमि व्यवस्थापन

१. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

२. संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासको कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

३. स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

**ख. संचार सेवा**

१. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

२. स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रबर्धन गर्ने ।

**ग. यातायात सेवा**

१. स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२. राष्ट्रिय रेल पूर्वाधारको उपयोग र तथा महानगरीय क्षेत्रभित्र सहरी रेल सेवाको संचालन व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

६. संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

७. गाउँपालिकाले काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

८. स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसंग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

**घ. संघ, संस्था दर्ता तथा नवीकरण**

१. संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. स्थानीयस्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण ।

**(३) वडा समितिको काम, कर्तव्य र अधिकार :** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहायबमोजिम तोकिएको छ :

**क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

१. सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

२. टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र संचालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

३. वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख. तथ्यांक अद्यावधिक तथा संरक्षण**

१. नीजि घर तथा घर परिवारको लगत राख्ने,

२. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

३. खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानीघट्ट, मिलको तथ्यांक संकलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्यांक र सूचना सहितको वडाको पाश्वचित्र तयार तथा अद्यावधिक गर्ने,

**ग. विकास कार्य**

१. बाल उद्यानको व्यवस्था गर्ने,

२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन गर्ने,

३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बाल संजालको संचालन र व्यवस्थापन गर्ने,

४. वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

५. खोप सेवा कार्यक्रमको संचालन, व्यवस्थापन तथा समन्वय गर्ने,

६. पोषण कार्यक्रमको संचालन र समन्वय गर्ने,

७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको संचालन गर्ने,

८. सहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन गर्ने, गराउने ।

९. सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने गराउने,

१०. वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार, तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

११. घरबाट निकास हुने फोहोरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

१२. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रबर्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमूखीकरण गर्ने,

१३. कृषि बीउ विजन, मल तथा औषधिको माग संकलन गर्ने,

१४. कृषिमा लाग्ने रोगहरूको विवरण संकलन गर्ने,

१५. पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

१६. वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

१७. स्थानीय समुदायका चाडपर्व, भाषाँ संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा साँस्कृतिक कार्यक्रम गर्ने, गराउने,

१८. स्थानीय मौलिकत झल्किने साँस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रबर्धन गर्ने,

१९. वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

२०. अन्तर विद्यालय तथा क्लब मार्फत खेलकुद कार्यक्रमको संचालन गर्ने गराउने,

२१. वडाक्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

२२. वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२३. बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,
२४. घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान गर्ने,
२५. वडाभित्र घरेलु उद्योगको प्रबर्धन गर्ने,
२६. प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संकलन तथा संरक्षण गर्ने,
२७. व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम संचालन गर्ने,
२८. सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
२९. वडालाई बालमैत्री बनाउने,
३०. वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछिपरेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
३१. विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,
३२. बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
३३. प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन कारको लेखाजोखा र संकलन गरी सम्बन्धित गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,
३४. अशक्त विरामी भएको बेवारिसे वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,
३५. असहाय वा बेवारिसे व्यक्तिको मृत्यु भएमा निजको दाहसंस्कारको व्यवस्था मिलाउने,
३६. सडक बालबालिकाको उद्धार र पुनस्थापनाको लागि लगत संकलन गर्ने,
३७. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रबर्धन गर्ने,
३८. वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने गराउने,
३९. वडालाई वातावरणमैत्री बनाउने,
४०. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रबर्धनात्मक कार्यहरू गर्ने गराउने,
४१. वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रबर्धन गर्ने ।

**घ. नियमन कार्य**

१. वडाभित्र संचालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,
२. सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,
३. खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ताको हित संरक्षण गर्ने,
४. वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्धन गरी लगत राख्ने,
५. हाट बजारको व्यवस्थापन गर्ने गराउने,
६. विद्युत् चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

**ङ. सिफारिस तथा प्रमाणित गर्ने**

१. नाता प्रमाणित गर्ने,

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

२. नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
३. बहाल करको लेखाजोखा सिफारिस गर्ने,
४. बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने,
५. मोही लगत कट्टाको सिफारिस गर्ने,
६. घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,
७. जन्म मिति प्रमाणित गर्ने,
८. व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
९. विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
१०. नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
११. वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजातलाई अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित गर्ने,
१२. घर पाताल प्रमाणित गर्ने,
१३. व्यक्तिगत विवरण प्रमाणित गर्ने,
१४. जग्गाधनी दर्ता प्रमाणपूर्जामा घर कायम गर्न सिफारिस गर्ने,
१५. कुनै व्यक्तिको नाम, थर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,
१६. नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,
१७. जग्गाधनी दर्ता प्रमाणपूर्जा हराएको सिफारिस गर्ने,
१८. कित्ताकाट गर्न सिफारिस गर्ने,
१९. संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
२०. जीवितसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
२१. मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
२२. जीवित रहेको सिफारिस गर्ने,
२३. हकवाला वा हकदार प्रमाणित गर्ने,
२४. नामसारी गर्न सिफारिस गर्ने,
२५. जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
२६. उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
२७. आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
२८. जग्गा मूल्यांकन सिफारिस गर्ने,
२९. विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
३०. अशक्त, असहाय तथा अनाथको पालनपोषणको लागि सिफारिस गर्ने,
३१. वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,
३२. आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,
३३. विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,
३४. धारा तथा विद्युत् जडानको लागि सिफारिस गर्ने,
३५. प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

रवीन्द्र दहाल
प्रमुख प्रशासकीय अधिकृत

१३. न्यूनतम दररेट निर्धारण गर्ने : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्ने छ । श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरसी तोक्ने छ र उक्त कार्य प्रत्येक आर्थिक वर्ष सुरू हुनुभन्दा पन्ध्र दिन अगावै तोकिसक्नु पर्नेछ ।

१४. समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने : (१) कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ । समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्यावधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोकेबमोजिम हुनेछ ।

१५. परिचालन र समन्वय गर्ने : गाउँपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रबर्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

१६. कार्य विभाजन र कार्य सम्पादनः कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ। कार्य विभाजन नियमावलीमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्ने छ। कार्य विभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ । नियमावलीबाट पदाधिकारीको कार्य विभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

**क. अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

१. सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

२. सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने गराउने,

३. वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

४. सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,

५. सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

६. कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

७. उपाध्यक्ष, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

८. वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रामाणित हुने विषय बाहेक प्रचलित नेपालको कानून बमोजिम स्थानीय तहबाट गर्नुपर्ने प्रमाणित वा सिफारिस गर्ने,

९. गाउँपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

१०. गाउँपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

११. सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने गराउने,

१२. सात दिनभन्दा बढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्षलाई कार्यभार दिने र उपाध्यक्ष पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

१३. सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

रेवन्त दहाल
प्रशासकीय अधिकृत

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

१. न्यायिक समितिको संयोजक भई कार्य गर्ने,
२. अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,
३. गैरसरकारी संघसंस्थाका क्रियाकलापको समन्वय गर्ने,
४. उपभोक्ता हितसंरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,
५. योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,
६. सभा र कार्यपालिकाद्धारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,
७. सात दिनभन्दा बढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा अध्यक्षलाई जानकारी गराउने,
८. सभा, कार्यपालिका तथा अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

**३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

**३.१. कर्मचारी संख्या :**

कार्यालयमा नेपाल सरकारले समायोजन मार्फत पठाएका कर्मचारीहरू तथा स्थानीय तहमा तत्कालिन अवस्थामा कार्यरत कर्मचारीहरू देहायबमोजिम रहेका छन् :

३.१.१. स्वीकृत कर्मचारी दरबन्दी संख्या : ७३ जना
३.१.२. स्थायी कर्मचारी कार्यरत संख्या : ४३ जना
३.१.३. अस्थायी कर्मचारी संख्याः ५ जना
३.१.४.करार कर्मचारी संख्या : ८७ जना

**४. कार्यालयबाट प्रदान गरिने सेवाहरूः**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको गाउँसभाबाट पारित ऐन, नियम, कार्यविधि तथा निर्देशिकाले तोके बमोजिमको सेवा प्रदान गरिएको छ ।

**५. कार्यालयमा रहेको शाखा र जिम्मेवार अधिकारी**

| क्र.सं. | शाखाको नाम | जिम्मेवारी अधिकारी | कैफियत |
|---|---|---|---|
| | प्रमुख प्रशासकीय अधिकृत | देवीलाल सापकोटा र सल बहादुर पाण्डे | |
| १ | प्रशासन शाखा | गीताकुमारी खरेल | |
| २ | आर्थिक प्रशासन शाखा | केदारप्रसाद देवकोटा | |
| ३ | शिक्षा तथा खेलकुद शाखा | सल बहादुर पाण्डे | |
| ४ | प्राविधिक शाखा | सन्जय प्याकुरेल | |
| ५ | योजना शाखा र रोजगार सेवा केन्द्र | ज्ञानु तामाङ | |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | फुपाछिरिङ तामाङ | |
| ७ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा | भिमादेवी दुलाल | |
| ८ | स्वास्थ्य शाखा | चेतन घिमिरे | |
| ९ | कृषि विकास शाखा | प्रवेश आचार्य | |
| १० | पशु सेवा शाखा | दिपेन्द्र दंगाल | |
| ११ | विपद् तथा जिन्सी शाखा | सुकुलाल तामाङ | |
| १२ | सामाजिका विकास शाखा तथा राजश्व व्यवस्थापन शाखा | सिता कार्की घिमिरे | |

| | | | |
|---|---|---|---|
| १३ | सूचना तथा प्रविधि शाखा | माधव अधिकारी | |
| १४ | बालमैत्री स्थानीय शासन कार्यक्रम शाखा | हरि पौडेल | |
| १५ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम शाखा | रमिला सापकोटा | |
| १६ | नागरिक आरोग्य केन्द्र | बसन्तकुमार तोलाङ्गे | |

**६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

यस कार्यालयबाट प्रवाह हुने सेवा प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम प्रचलनमा रहेको फारम तथा निवेदनका ढाँचाहरूमा निवेदन अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष वा प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा वरिष्टताको आधारमा नि.प्रमुख प्रशासकीय अधिकृत तोकिएको व्यक्ति समक्ष र निवेदन तोक लगाई दर्ता गरी सम्बन्धित शाखामा पेश गर्नु पर्दछ । निर्णय गर्ने अधिकारी अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत हुनेछ । निवेदनको ढाँचा, लाग्ने दस्तुर र प्रक्रिया नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालयले गरेको काम कारवाही तथा निर्णय उपर प्रमुख प्रशासकीय अधिकृतले उजुरी सुन्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतका अतिरिक्त गुनासो अधिकारी समक्ष उजुरी वा निवेदन दिन सकिने छ ।

**८.आ.ब.२०७९/०८० मा गाउँपालिकाबाट सम्पादित भए गरेका प्रमुख कामहरूको विवरण देहायबमोजिम रहेको छ :**

**८.१. सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :**

- बलेफी गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा केहि विद्यालय लगायतका सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरूमा ई-हाजिरी, सिसि क्यामेरा जडान गरी सेवा सम्बन्धी जानकारी प्रदान गर्ने कार्य गरिएको छ ।
- सुशसान, पारदर्शिता र जवाफदेहिताको मूल मर्म बमोजिम विकास निर्माणका सवालहरूलाई सार्वजनिक गर्ने उद्देश्यले जन्मभूमि पोष्टको सहजीकरणमा ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिकामा संचालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई साझा सोच र लक्ष्यतर्फ उन्मुख गर्न गाउँको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी गाउँ विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नका लागि पञ्चवर्षे आवधिक योजना तयार गरिएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता र सरलता ल्याउनको लागि लेखा व्यवस्थापन प्रणाली, राजस्व व्यवस्थापन प्रणाली, योजना संचालन प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, बेरोजगार व्यवस्थापन सूचना प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लगायतका सफ्टवेयर प्रणालीहरूको प्रयोग गरिएको छ। साथै वेवसाइट तथा फेसबुक पेज मार्फत गाउँपालिकाबाट हुने गरेको निर्णय तथा कार्यक्रमहरू सार्वजनिक गर्ने गरिएको छ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने सेवासंग सम्बन्धित गुनासो तथा उजुरीको छिटो र गोप्य रूपमा सम्पादन गर्नको लागि गुनासो अधिकारी र नागरिकको सूचनाको हक सुनिश्चित गर्नको लीग सूचना अधिकारीको व्यवस्था गरिएको छ ।

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**८.२. भवन तथा पूर्वाधार निर्माण :**

आ.ब.२०७९/०८० को हालसम्मको अवधिमा भवन तथा पूर्वाधार निर्माणतर्फ देहायबमोजिमका कार्यहरू सम्पन्न भएका छन् :

**(क) भवन निर्माण तर्फ :**

- बलेफी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य ८० प्रतिशत सम्पन्न गरिएको छ ।
- वडा नं. २ को वडा कार्यालय भवन ६० प्रतिशत र ३ को वडा कार्यालय भवन ९५ प्रतिशत सम्पन्न भएको छ भने वडा नं.७ को वडा कार्यालय भवन मर्मत सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिका वडा नं.१ स्थित बृद्धा आश्रम भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिका वडा नं.१ स्थित निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पताल भवनको निर्माण कार्य ५० प्रतिशत सम्पन्न गरिएको छ ।

**(ख) सडक तथा गोरेटो बाटो निर्माण तर्फ :**

आ.ब.२०७९/०८० को हालसम्मको अवधिमा सडक निर्माणतर्फ देहाय बमोजिमका कार्यहरू सम्पन्न भएका छन् :

| क्र.सं. | विवरण | परिमाण | इकाई |
|---|---|---|---|
| १ | सडक ढलान | ७५० | मिटर |
| २ | सडक ग्रावेल तथा नाली निर्माण | ४ | कि.मि. |
| ३ | नयाँ सडक ट्र्याक निर्माण | १२०० | मिटर |
| ४ | सडक सोलिङ | ३२०० | मिटर |
| ५ | ग्याविन वाल निर्माण | ६०० | घ.मि. |
| ६ | प्लम वाल निर्माण | २५ | घ.मि. |
| ७ | स्टोन मेसिनरी वाल निर्माण | ३००० | घ.मि. |
| ८ | सिंढी तथा गोरेटोबाटो निर्माण | ५२०० | मिटर |

- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकाभित्र सडक निमाण, मर्मत तथा नयाँ ट्र्याक निर्माणको ५६ वटा योजनाहरू सम्पन्न गरिएको छ ।

**(ग) खानेपानी तथा सिंचाई निर्माण तर्फ :**

- आ.ब.२०७९/०८० मा एक घर एक धारा कार्यक्रम अन्तरगत यस गाउँपालिकाभित्र ३ वटा खानेपानी योजनाहरू मार्फत १३५ वटा धारा, ७ वटा सार्वजनिक धारा, ३५ र १२ घ.मि.का ट्यांकी निर्माण, इन्टेक ३, कलेक्सन १, एफ.आर.सी.८, जि.आई.पाइप १००० मिटर र पोलिथिन पाइप १५००० मिटर लाईन विछ्याई निर्माण कार्य सम्पन्न गरिएको छ । (वडा नं. ३ को सिमासिंङ, च्यानडांडा र वडा नं.७ को खाडिचौर खानेपानी योजना)
- गाउँपालिका तथा वडाबाट ३० वटा खानेपानी योजनाहरू संचालन गरिएको छ ।
- आ.ब.२०७९/०८० मा गाउँपालिका भित्रका विभिन्न वडाका कृषि योग्य जमिन सिंचाई सुविधा पुऱ्याउनका लागि ३३ वटा योजना कार्यान्वयन भई १७० मिटर पक्की कूलो निर्माण, पाइप लाइन विस्तार ३००० मिटर र कुलो मर्मत ७०० मिटर निर्माण सम्पन्न गरिएको छ ।

**(घ) पर्यटन पूर्वाधार निर्माण तर्फ :**

- आ.ब.२०७९/०८० मा वडा नं.३ मा पर्यटन प्रबर्धन गर्ने उद्देश्यले आधारभूत क्यानोनिङ ३ स्टेप (५, १५ र २५ मिटर) र रक ल्क्याइविङ (२५ मिटर) को कार्य सम्पन्न गरिएको छ ।
- धार्मिक पर्यटन प्रबर्धन गर्ने उद्देश्यले वडा नं.३ छ्योर्तेन निर्माण सम्पन्न गरिएको छ ।

**(ङ) झोलुंगे पुल तर्फ :**

- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिका वडा नं.१ मा १०७ मिटरको घिच्चे खोला झोलुंगे पुल ६४।३५ प्रतिशत र वडा नं. मा ८१ मिटरको नाम्दा खोला झोलुंगे पुल ६५।१ प्रतिशत कार्य सम्पन्न भई निर्माणधिन अवस्थामा रहेको छ ।

**(च) मठ मन्दिर, गुम्बा, चर्च, किरिपत्री भवन तथा घाट निर्माण तर्फ :**

- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकामा २६ वटा मन्दिरहरूको निर्माण कार्य सम्पन्न गरिएको छ ।
- धर्म संस्कार प्रवर्धन गर्ने उद्देश्यले गाउँपालिकाभित्र ५ वटा चर्च र ५ वटा गुम्बा तथा छ्योर्तेन निर्माण सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा धर्म संस्कारलाई संरक्षण गर्ने उद्देश्यले १३ वटा किरियापुत्री भवन र ८ वटा तामाङ घाट निर्माण सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा दुग्ध संस्थाहरूलाई प्रबर्धन गर्ने उद्देश्यले ५ वटा दुध डेरीहरूको भवन मर्मत सम्भार गर्ने कार्य सम्पन्न गरिएको छ ।

**(च) प्रतिक्षालय, पार्क तथा खेलमैदान तर्फ**

- बलेफी गाउँपालिकाभरिमा ९ वटा प्रतिक्षालय र ५ वटा पार्क तथा खेलमैदानहरूमा निर्माण गरिएको छ ।

**(छ) बाढी पहिरो तथा विपद् व्यवस्थापन तर्फ**

- आ.ब.२०७९/०८० मा बाढी पहिरोबाट हुने विपद्बाट संरक्षणका निमित्त ११ वटा योजना सम्पन्न गरिएको छ ।

**८.३. योजना कार्यान्वयन तर्फ :**

- आ.ब.२०७९/०८० मा विनियोजन भएका २७५ वटा योजनाहरूमध्ये २६१ वटा योजनाहरू सम्पन्न भएको छ ।
- आ.ब.२०७९/०८० मा गाउँसभाबाट विनियोजन भएका सम्पूर्ण योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति २४६ वटा दर्ता र समितिका पदाधिकारीहरूलाई अनुशिक्षण कार्यक्रम संचालन गरिएको छ ।
- गाउँपालिकाको पालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरी सबै वडामा सम्पन्न भएका तथा संचालनमा रहेका योजनाहरूको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने गरिएको छ ।

**८.४. राजस्व व्यवस्थापन तर्फ :**

- **आ.ब.२०७९/०८० को राजस्व संकलन देहायबमोजिम गरिएको छ :**

| सि.नं. | आय शिर्षक नाम | गाउँपालिकाबाट संकलित रकम | वडाबाट संकलित रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | १६४०२ | १२२७५६४।५ | १२४३९६७ | |
| २ | घर/जग्गा वहाल कर | १३८८५७२।२८ | ० | १३८८५७२ | |
| ३ | अन्य कर | ६७०१ | ० | ६७०१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विवरण संशोधन दस्तुर | ५०० | ० | ५०० | |
| ५ | अन्य सेवा शुल्क | २०५० | १३००९४ | १३२१४४ | |
| ६ | परीक्षा शुल्क | ७५०० | ० | ७५०० | |
| ७ | नक्सापास दस्तुर | १२११५८।२५ | ० | १२११५८।३ | |
| ८ | सिफारिश दस्तुर | २६९०० | ४११०११ | ४३७९११ | |
| ९ | व्यक्तिगत घटना दर्ता दस्तुर | १३०० | ११४२९४ | ११५५९४ | |
| १० | नाता प्रमाणित दस्तुर | १०० | ६२०० | ६३०० | |
| ११ | अन्य दस्तुर | ४४११०० | ३७२०० | ४७८३०० | |
| १२ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३५८२०० | ० | ३५८२०० | |
| १३ | प्रशासनिक दण्ड ,जरिवाना र जफत | २७४७४।७५ | ० | २७४७४।७५ | |
| १४ | इजाजत दस्तुर | १०००० | ० | १०००० | |
| १५ | संस्था दर्ता/नविकरण दस्तुर | २०० | ० | २०० | |
| १६ | कृषक समुह दर्ता | ४०० | ४०० | ८०० | |
| १७ | समूह दर्ता तथा नवीकरण दस्तुर | २०० | ० | २०० | |
| १८ | गिटी बालुवाबाट संकलित राजस्व (दहत्तर बहत्तर) | ४२६०६० | ० | ४२६०६० | |
| १९ | विज्ञापन दस्तुर | ३८११५ | ० | ३८११५ | |
| जम्मा | | २८७२९३३।३ | १९२६७६३।५ | ४७९९६९६।७८ | |
| रद्द भएका रसिदहरु रकम रु | | २४,२८६ | ० | २४२८६।०० | |
| जम्मा | | २,८८४,६४७।२८ | १,९२६,७६३।५० | ४७७५४१०।७८ | |

- आ.ब.२०७९/०८० मा गाउँपालिकामा विभिन्न प्रकृतिका व्यवसायहरू ६५ वटा दर्ता भएका, १८८ वटा नवीकरण भएका र ९ वटा खारेज गरी लगतकट्टा गरिएको छ ।
- आ.ब.२०७९/०८० मा २ वटा "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गरिएको छ भने १८ वटा नवीकरण गरिएको छ ।
- आन्तरिक राजस्वलाई व्यवस्थित बनाउनका लागि वडा सचिवहरूलाई १ दिने राजस्व मोडुलको सुत्र सम्बन्धित तालिम संचालन गरिएको छ ।

**८.५. शिक्षा तथा खेलकुद तर्फ :**

शिक्षा तथा खेलकुदतर्फ आ.ब.२०७९/०८० देहाय बमोजिमका कार्यहरू सम्पादन गरिएका छन् :

(क) शिक्षा तर्फ :

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

रेवन्त दहाल प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

- बलेफी गाउँपालिकामा सामुदायिक विद्यालयहरू ११ वटा माविस्तर, २० वटा आविस्तरको, ४ वटा नीजि विद्यालय र ४ वटा सामुदायिक सिकाई केन्द्र गरी कूल ३९ वटा विद्यालय तथा सिकाई केन्द्र संचालनमा रहेको छ ।
- बलेफी गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी तथा शिक्षक ८६ जना स्थायी, १० जना अस्थायी, ७६ जना राहत, ३९ जना बाल विकास सहजकर्ता, ११ जना विद्यालय सहायक, ११ जना अनुदान शिक्षक र २९ जना विद्यालय सहयोगी गरी कूल जम्मा २६२ जना रहेको छ ।
- ३१ वटा सामुदायिक विद्यालयमा ४९० बाल विकास केन्द्र, २१८० जना आविस्तर, १०२७ माविस्तर गरी कूल जम्मा ३६९७ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन् ।
- नेपाल सरकारबाट सामुदायिक विंद्यालयमा अध्ययनरत बाल विकास केन्द्रदेखि ६ कक्षा सम्म २१०५ जना विद्यार्थीहरूलाई र गाउँपालिकाको आन्तरिक श्रोतबाट कक्षा ७ देखि १० सम्म अध्ययरत ११२३ जना विद्यार्थीहरूलाई दिवा खाजा व्यवस्थापन गर्नुको साथै विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग बढाउनका लागि आवश्यक कार्यक्रमहरूको सुरूवात गरिएको छ ।
- नेपाल सरकारको सहयोगमा छात्रबृत्ति कार्यक्रम ८६ जना लक्षित, २३३ जना दलित, ९६९ जना छात्रा छात्रबृत्ति र ३० जना अपांगता भएका विद्यार्थी गरी कूल जम्मा १३१८ जनालाई छात्रबृत्ति वितरण गरिएको छ ।
- ११ वटा माध्यमिक विद्यालयमा प्रयोग भइसकेको स्यानिटरी प्याडको उचित व्यवस्थापनका लागि विद्यालयमा इन्सिनेटर मेशिन तथा सहज पहुँचका लागि भेन्डिङ मेशिस जडान कार्य सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिका वडा नं. १ स्थित श्री आनन्द माविमा सिभिल इन्जिनियरिङ (३ वर्षे) सम्बन्धी विषय र वडा नं.८ स्थित श्री बनसाँघु माविमा बाली विज्ञान (१८ महिने) विषयमा अध्यापन हुने गरेको छ ।
- शैक्षिक सत्र २०८० बाट विद्यालयहरूमा स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको छ ।
- एक विद्यालय एक बाल विकास केन्द्रलाई निरन्तरता दिन २९ वटा बाल विकास केन्द्रका २९ जना सहजकर्ताहरूलाई गाउँपालिकाको आन्तरित स्रोतबाट प्रतिमहिना रू.७००० का दरले थप तलब व्यवस्थापन गरिएको छ भने थप सहजकर्ता १० जनालाई पुरै तलब व्यवस्थापन गरिएको छ ।
- विद्यालय सहयोगी २९ जनालाई गाउँपालिकाको अन्तरिक स्रोतबाट प्रतिमहिना रू.७००० र विद्यालय सहायक ११ जनालाई रू.४००० प्रतिमहिनाका दरले थप तलब व्यवस्थापन गरिएको छ ।
- आधारभूत तथा माध्यमिक शिक्षा संचालन कार्यविधि, २०७४ को पछिल्लो संशोधन बमोजिम हालसम्म पदावधी समाप्त भएका ३१ वटा विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन कार्य सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयहरूमा ७ जना स्थायी शिक्षक शिक्षक सेवा आयोगबाट पदस्थापन भएको छ ।

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- आ.ब.२०७९/०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत रू. १ करोड ५० लाख ५० हजार लगानीमा तपसिलका विद्यालयमा पूर्वाधार विकास कार्यक्रम संचालन गरिएको छः

| क्र.सं. | विद्यलायको नाम | वडा नं. | पूर्वाधार विकास कार्य |
|---|---|---|---|
| १ | श्री लक्ष्मीदेवी मावि | २ | ४ कोठे पक्की भवन निर्माणाधिन |
| २ | श्री सेतीदेवी मावि | ४ | ४ कोठे पक्की भवन निर्माणाधिन |
| ३ | श्री विन्जेल आवि | ५ | २ कोठे पक्की भवन निर्माणाधिन |
| ४ | श्री आनन्द मावि | १ | आइ.सि.टि. |
| ५ | श्री सरस्वती मावि | ७ | आइ.सि.टि. |

- आ.ब.२०७९/०८० मा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत शैक्षिक गुणस्तर सुदृढीकरण एवंम् कार्य सम्पादन मूल्यांकनमा आधारित प्रोत्साहन अनुदान रू. ४ लाख ५० हजार तपसिल बमोजिमका विद्यालयहरूमा वितरण गरी कार्य सम्पन्न गरिएको छ :

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री करङ्गैरा आवि | ४ | |
| २ | श्री च्यानडांडा आवि | ३ | |
| ३ | श्री सेतीदेवी मावि | ४ | |
| ४ | श्री बेत्रावती आवि | ६ | |
| ५ | श्री विन्जेल आवि | ५ | |
| ६ | श्री लक्ष्मीदेवी मावि | २ | |
| ७ | श्री बनसाँघु मावि | ८ | |
| ८ | श्री सरस्वती मावि | ७ | |
| ९ | श्री बालशिक्षा मावि | ७ | |

- माध्यमिक विद्यालयमा पुस्तकालय तथा व्यवस्थापन अनुदान अन्तरगत वडा नं.१ स्थित श्री आनन्द मावि र वडा नं.४ स्थित श्री जालपादेवी माविलाई कूल जम्मा रू.१३ लाख वितरण गरी कार्य सम्पन्न गरिएको छ ।
- शिक्षण सिकाईमा आइसिटि प्रयोग अनुदान वडा नं.२ स्थित श्री सेतीदेवी आविलाई रू.६ लाख ५० हजार वितरण गरी कार्य सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकाबाट विनियोजन भएको अनुदान अन्तरगत सामुदायिक विद्यालय, सामुदायिक सिकाई केन्द्र, क्याम्पस तथा युवा क्लबहरूलाई रू.९२ लाख ७५ हजार वितरण गरी कार्य सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा एस.ई.ई.को नतिजा विश्लेषणको आधारमा १ विद्यालय, २ जना विद्यार्थी र १० जना शिक्षकहरूलाई प्रोत्साहन स्वरूप सम्मान गरिएको छ ।
- बाल विकास केन्द्रका ३९ जना सहजकर्ताहरूलाई मोन्टेसोरी विधिमा आधारित ५ दिने तालिम सम्पन्न गरिएको छ ।
- कक्षा १ देखि ३ मा अध्यापनरत ७० जना प्रधानाँध्यापक तथा शिक्षकहरूलाई ३ दिने एकीकृत पाठ्यक्रम प्रबोधिकरण तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।
- विद्यालय व्यवस्थापन समितिका ४० जना पदाधिकारीहरूलाई क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

हेमन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

- धुलिखेल तालिम केन्द्रको आयोजनामा संचालित आधारभूत तह कक्षा १-८ मा कार्यरत शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि सूचना तथा संचार प्रविधिमा आधारित ५ दिने तालिमा २ जना शिक्षक सहभागी गराइएको छ ।
- धुलिखेल तालिम केन्द्रको आयोजनामा संचालित आधारभूत तह कक्षा ६-८ का अंग्रेजी विषयका शिक्षकहरूको ५ दिने कस्टुमाइज पूनर्ताजगी तालिमा ५ जना शिक्षक सहभागी गराइएको छ ।
- धुलिखेल तालिम केन्द्रको आयोजनामा संचालितसामुदायिक विद्यालयका आधारभूत तह १-८ का प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास सम्बन्धी ५ दिने पुनर्ताजगी तालिममा २ जना सहभागी गराइएको छ ।
- धुलिखेल तालिम केन्द्रको आयोजनामा संचालित माध्यमिक तह कक्षा ९-१० का अंग्रेजी विषयका शिक्षकहरू ५ दिने पुनर्ताजगी तालिममा १ जना शिक्षक सहभागी गराइएको छ ।
- स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकको आयोजना संचालित सडक दुर्घटना तथा रोकथाम न्यूनिकरण कार्यक्रममा २ जना शिक्षक सहभागी गराइएको छ ।
- बलेफी गाउँपालिकाको आयोजनामा माध्यमिक तह स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकामा विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा विद्यालय दिवा खाजा व्यवस्थापन सम्बन्धी कार्यविधि तयारी, १५ जना कार्यपालिका पदाधिकारीहरूलाई अभिमूखीकरण, ३० जना प्रधानाध्यापकहरूलाई दिवा खाजा मेनु स्थानीयकरण गोष्ठि र २२ जना कृषि सहकारी, कृषक समूह तथा आमा समूहलाई पोषण र दिवा खाजा सम्बन्धी गोष्ठि संचालन गरिएको छ ।

**(ख) खेलकुद तर्फ :**

- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकाको आयोजनामा मावि स्तरीय रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकाको आयोजनामा जिल्ला फुटबल संघको सहयोग तथा समन्वयमा **“बलेफी कप”** स्थानीय तहस्तरीय फुटबल प्रतियोगिता सम्पन्न गरिएको छ ।

**८.६. स्वास्थ्य, पोषण तथा आयुर्वेद तर्फ :**

**(क) स्वास्थ्य तर्फ**

- बलेफी गाँउपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुबाट श्रावण २०७९ देखि असार २०८० सम्मको अबधिमा १७,३३४ महिला र १२६८० पुरुष गरि जम्मा ३० हजार १४ जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- ८६ जना गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन जानको लागि तथा रेफेर भइ अन्य अस्पताल लैजाने निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

- बलेफी गाँउपालिका अन्तर्गत रहेका आधारभूत स्वास्थ्य संस्थाहरु वडा नं. ५ र ६ मा बर्थिङ्ग सेन्टर उद्घाटन गरि आवश्यक डेलिभरी बेड लगायतका अन्य सामाग्रीहरुको व्यवस्थापन गरिएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेको जलबिरे प्रा.स्वा.के मा ILR रेफ्रिजेरेटर खरिद तथा वितरण गरिएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेका सबै म.स्वा.स्वयं से. हरुलाई आधारभूत तथा पुनर्रताजगी तालिम प्रदान गरिएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेका सबै वडाहरुमा गाँउघर क्लिनिक संचालन गरि प्राथमिक सेवा ८२२ जना, तौल अनुगमन ३७४ जना, गर्भ जांच ११५ जना, सुत्केरी जांच ९ जना, प.नि.सेवा ३७८ जना, सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेका सबै स्वास्थ्यकर्मीहरुलाई ANC to PNC continum care को तालिम प्रदान गरिएको छ ।
- MSS कार्यक्रम संचालन गरि ३ वटा स्वास्थ्य संस्थामा (३,४,७) ५० हजारको दरले रकम प्रदान गरिएको छ ।
- बृहत पोषण प्याकेज क्षमता अभिबृद्धि कार्यक्रम सबै स्वास्थ्यकर्मीहरु तथा म.स्वा.स्वयं से. हरुलाई प्रदान गरिएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेका बर्थिङ्ग सेन्टररुबाट ८६ जना महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन सफल भएको छ ।
- बलेफी गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा गर्भ जाँच १९५ जनाको गरिएको छ ।
- ८६ जना स्वास्थ्य संस्थामा सुत्केरी हुँने सुत्केरी महिलाहरुलाई यातायात तथा गर्भवती उत्प्रेरणा खर्च प्रदान गरिएको छ ।
- भिटामिन 'ए' र जुकाको औषधि खाएका पाँच बर्ष मुनिका १८५२ जना रहेको छ ।
- जुकाको औषधि खाएका छात्रा/छात्र ६५६३ जना रहेको छ ।

रेवन्त दहाल
प्रशासकीय अधिकृत

- २ वर्ष मुनिको बालबालिकाहरुको तौल अनुगमन पहिलो पटक २४३ जना र दोहोर्याएर २४९८ जना रहेको छ ।
- Iron तथा Folic Acid खाने किशोरीहरुको संख्या ११०२ रहेको छ ।
- परिवार नियोजन सेवाहरु हाल अपनाइरहेका Implant - ५३८ जना, डिपो -३८८ जना , पिल्स-७६ जना र IUCD -५५ जना रहेको छ ।
- गाउँ पालिका भित्र RRT समिति गठन गरिएको छ ।
- गाउँपालिका स्थित महिलाको स्वास्थ्य परिक्षण शिबिर संचालनमा १३८ जनाको स्वस्थ्य जाच गरी ३ जनालाई पाठेघरको अप्रेशनको लागि निशुल्क ambulance सेवा प्रदान गरी चौतारा अस्पताल प्रेषण गरीएको छ ।
- गाउँपालिका अन्तर्गत वडा ६ स्थित आँखा शिविर संचालन गरी १०३ जनालाई सेवा प्रदान गरिएको छ ।(१० जनालाई मोतिबिन्दु )
- गाउँपालिका अन्तर्गत tb screening कार्यक्रम संचालन गरी २१ जना सम्भावित क्षय रोगीको परिक्षण गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरु बाट निशुल्क औषधि वितरण तथा स्वास्थ्य बिमा कार्यक्रमबाट निशुल्क औषधि वितरण गरिएको छ ।
- गाउँपालिका अन्तर्गत नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (CB-IMNCI ) onsite Coaching कार्यक्रम सम्पन्न गरिएको छ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत किशोर किशोरीलाई प्रजनन स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धि अभिमुखी कार्यक्रम पहुच नपुगेका ५ विद्यालयहरुमा सम्पन्न गरिएको छ ।
- कोभिड -१९ को समिक्षा सम्पन्न गरिएको छ ।
- Hmis , Lmis tools सम्बन्धि १ दिने तालिम सबै स्वास्थ्य संस्था प्रमुखहरुलाई दिईएको छ ।

गाउँपालिका अन्तर्गतका संस्थाहरु बाट तपसिल बमोजिमको खोप सेवा प्रदान गरिएको छ

| क्र.स. | सेवाको विवरण | सेवाग्राहीको संख्या |
|---|---|---|
| १. | B.C.G | १२२ |
| २. | Rota | ३९४ |
| ३. | D.P.T/OPV | ५८९ |
| ४. | FIPV | ३०४ |

| | | |
|---|---|---|
| ५. | PCV | ६१९ |
| ६. | JE | २२२ |
| ७. | Typhoid | २३७ |
| ८. | MR | ४४३ |
| ९. | TD | २६९ |

**(ख) बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ :**

- गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक २ पटक र समितिलाई पोषण अभिमूखीकरण सबै वडामा सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिका वडा नं.४ स्थित श्री समाज सुधार महिला विकास सहकारी संस्थाका विपन्न सुनौलो हजार दिनका २४ जना सदस्यहरूलाई पोषण अवस्थामा सुधार ल्याउनका निमित्त आयआर्जन सुधार गतिविधिका लागि (बाख्रापालन र तरकारी खेती) जम्मा रू.६ लाख अनुदान वितरण गरिएको छ ।
- सुनौलो हजार दिनका ९५ जना आमाहरूलाई पशुपंक्षी पालन सम्बन्धी तालिम संचालन र ४९ जना आमाहरूलाई उन्नत जातको तरकारी बीउ वितरण गरिएको छ ।
- बाल विकास केन्द्रका ४४ जना सहजकर्ताहरूलाई पोषण सम्बन्धी तालिम संचालन गरिएको छ ।
- गाउँपालिकाभरिका ५ वर्षमुनिका ४३१ जना बालबालिकाहरूको पाखुराको नाप लिई पोषण अवस्था पत्ता लगाइएको छ ।
- २ वर्षमूनिका बालबालिकाहरूको नियमित बृद्धि अनुगमन गरे बापत रू.१ हजारका दरले ११० जनालाई पोषण प्रोत्साहन गरिएको छ ।
- कुपोषित बालबालिकाहरूको आर्थिक अवस्था अवलोकन गरी विपन्न घरपरिवारलाई वडा नं.५ र ६ मार्फत खाद्य तथा सरसफाई सामग्री प्रदान गरिएको छ ।
- पोषणसंग सम्बन्धित दिवशीय (पोषण सप्ताह, विश्व स्तनपान सप्ताह, आयोडिन महिना र म.स्वा.स्व.से.दिवस) कार्यक्रमहरू सबै वडामा सम्पन्न गरिएको छ ।
- विद्यालय किशोर अवस्थाका छात्राहरूलाई महिनावरी सरसफाई तथा व्यवस्थापन सम्बन्धी अभिमूखीकरण कार्यक्रम ५ वटा मावि विद्यालयको ३९१ जना किशोरीहरूको सहभागितामा संचालन गरिएको छ ।
- कुपोषित बालबालिकाहरूलाई उपाचर गराउनका लागि ३ वटा स्वास्थ्य चौकीहरूमा कुपोषण व्यवस्थापन सामग्री वितरण गरी बैहिरंग सेवा केन्द्र (ओटिसि) स्थापन गरिएको छ ।
- गाउँपालिकाका जनप्रतिनिधि र शाखा प्रमुखहरूका लागि १ दिने पोषणमैत्री स्थानीय शासन प्रबर्धन सम्बन्धी अभिमूखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- पोषणमैत्री वडा घोषणाका लागि वडा नं.२ र ६ छनौट गरी वडाका ७२ जना सरोकारवालाहरूलाई अभिमूखीकरण गरिएको छ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७४

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- वडा नं.२ र ६ का सुनौलो हजार दिनका घरपरिवार लक्षित पोषण व्यवहार परिवर्तनका लागि २९८ जना (सहभागी) श्रीमान, श्रीमती, हेरालु सासु, ससुरा र किशोरीहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- सबै स्वास्थ्य संस्था मार्फत सबै वडाका प्रोटोकल अनुसार गर्भ जाँच गराउने १०८ जना गर्भवती आमाहरूलाई पोषिलो अण्डा वितरण गरिएको छ ।

**(ग) आयुर्वेद तर्फ :**

- बलेफी गाउँपालिकामा आ.ब.२०७९/०८० मा नागरिक आरोग्य सेवा केन्द्र मार्फत ५३६ जना महिला र ३९६ जना पुरूष गरी जम्मा ९३३ जनाले नि:शुल्क चेकजाँच तथा पूर्वकर्म गरिएको छ ।
- पूर्वकर्म/स्नेह स्वेधन १२७ जनालांई सेवा प्रदान गरिएको छ ।

**८.७. कृषि विकास तर्फ :**

- स्थानीय कृषि, पशुपंक्षी तथा मत्स्य विषयका तथ्यांकको संकलन, प्रशोधन, विश्लेषण तथा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- स्थानीय कृषि, पशुपंक्षी तथा मत्स्य विषयका तथ्यांकको संकलन, प्रशोधन, विश्लेषण तथा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तरगत मकैको बीउ खरिद गरी ५० प्रतिशत अनुदानमा किसानहरूलाई वितरण गरिएको छ ।
- बीउ आलु उत्पादन कार्यक्रम अन्तरगत आलु पकेट क्षेत्र निर्धारण गरी १५ हेक्टरमा आलुको पूर्वमूल बीउ तथा प्रमाणित पुस्ताको बीउहरू उत्पादन गरिएको छ ।
- किसान सूचीकरण कार्यक्रम अन्तरगत ६७२ वटा घरधुरीहरू सूचीकरण गरिएको छ ।
- बालीमा देखापर्ने विभिन्न रोग, किराको प्रकोप नियन्त्रण गर्न कृषि औषधि खरिद गरी कृषकको माग र क्षतिको अवस्था हेरी वितरण गरिएको छ ।
- सतप्रतिशत अनुदानमा हाइब्रेड तथा उन्नत जातका तरकारी बीउ १६०० वटा घरधुरीलाई वितरण गरिएको छ ।
- गाउँपालिका भित्रका सबै वडामा माटो परीक्षण शिविर कार्यक्रम संचालन गरी ७२७ वटा नमूना परीक्षण गरिएको छ ।
- ७५ प्रतिशत अनुदानमा १८ केजी प्याजको बीउ वितरण गरिएको छ ।
- व्यवसायिक खेतीको संरचना तयार गर्नका लागि ७५ प्रतिशत अनुदानमा ९९ वटा प्लाष्टिक टनेल वितरण गरिएको छ ।
- रोग किराको नियन्त्रण गर्न र बालीमा लागेको रोगको बारेमा किसानलाई जानकारी गराउन बाली उपचार शिविर कार्यक्रम अन्तरगत १४२ वटा घरधुरीमा संचालन गरिएको छ ।
- बीउ बालीको चिस्यान मापन गर्न Seed Moisture Meter २ वटा खरिद गरिएको छ ।
- व्यवसायिक कृषकलाई प्रोत्साहनका लागि ६ वटा कृषि फर्महरूलाई सहयोग ६ लाख ३५ हजार गरिएको छ ।

**८.८. पशु सेवा तर्फ :**

रेवन्त दहाल
प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- कृषकलाई व्यवसायिक पशुपालन गर्न सहज बनाउनका लागि ४३ जना किसानहरूलाई पशुपंक्षी पालन सम्बन्धी तालिम संचालन गरिएको छ ।
- सबै वडाका किसानहरूलाई पशु पोषणमा टेवा पुऱ्याउनका लागि घाँसको बीउ वितरण गरिएको छ ।
- पशुरोग निदान गर्नका लागि पशु प्रयोगशाला स्थापना गरी रगत, पिसाब तथा गोबर परीक्षण गराई आवश्यक औषधि वितरण गरिएको छ ।
- पशु स्वास्थ्य सेवा नपुगेका वडामा पशु स्वास्थ्य शिविर संचालन गरी परजीवि लगायतका अन्य रोग सम्बन्धी औषधि तथा भिटामिन वितरण गरिएको छ ।
- पशु औषधि खरिद गरी वितरण गरिएको छ ।
- आ.ब.२०७९/०८० मा आकस्मिक रूपमा देखा परेको लम्पी स्कीन रोग नियन्त्रणका लागि आवश्यक भ्याक्सिनहरू लगाउने कार्य गरिरहेको छ ।
- आ.ब.२०७९/०८० मा समुदायमा छाडा रूपमा छाडेका कुकारहरूको संख्या घटाउनका लागि १२० वटा कुकुरलाई बन्ध्याकरण गरिएको छ ।

**८.९. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :**

- आ.ब.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस गाउँपालिकाभित्रका सूचिकृत बेरोजगार १ हजार ५ सय ५० जनामध्ये ७८ जना महिला र ५१ जना पुरूष गरी जम्मा १ सय २९ जनाले रोजगारी प्राप्त गरेका छन् ।
- आ.ब.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार तर्फ ६ वटा र युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना विश्व बैंकको सहयोग अन्तरगत २ वटा गरी जम्मा ८ वटा योजना छनौट भई काम सम्पन्न भएका छन् ।
- आ.ब.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ८६५।६५ घन मिटर सिडी बाटो निर्माण, ७७६९ मिटर गोरेटो खन्ने, २७१५ मिटर नाली खन्ने र १०१२।८ घन मिटर सडक सोलिङ निर्माण कार्य सम्पन्न गरिएको छ ।
- श्रमको सम्मान राष्ट्र अभियान सम्बन्धी कार्यक्रमको अभिमूखीकरण प्रत्येक ८ वटै वडाहरूमा सम्पन्न गरिएको छ ।
- रोजगार संवाद मञ्च सम्बन्धी छलफल गरी सुझाब लिने कार्य पनि सम्पन्न गरिएको छ ।
- रोजगार रणनीति निर्माण सम्बन्धी सरोकारवाला तथा रोजगारदाताहरूसंगको प्रश्नावली लिने कार्य सम्पन्न गरी रोजगार रणनीति मस्यौदा तयार गरिएको छ ।
- आ.ब.२०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सशर्त अनुदान जम्मा १ करोड ४ लाख ९२ हजार प्राप्त भएकोमा १ करोड ३ लाख ४२ हजार ८ सय ८७ रूपैयाँ खर्च गरी काम सम्पन्न गरिएको छ ।
- आ.ब.२०८०/०८१ को लागि महिला ४२४ र पुरूष २४९ जना गरी जम्मा ६ सय ७३ जना बेरोजगारहरू रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गर्ने कार्य सम्पन्न गरिएको छ ।
- आ.ब.२०८०/०८१ का लागि बलेफी गाउँपालिकाबाट प्रधानमन्त्री रोजगार कार्यक्रममा लागत साझेदारीका लागि ३६ लाख बजेट विनियोजन गरिएको छ ।

...वन्त दहाल
...कीय अधिकृत

**८.१०. महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता तथा सामाजिक समावेशीकरण तर्फ :**

- आ.ब.२०७९/०८० मा बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ ।
- आमाबाबु विहीन ११ जना बालबालिकाहरूलाई ६ हजार ५ सयका दरले रकम वितरण गरिएको छ ।
- लैंगिक हिंसा बिरूद्धको १६ दिने अभियान जनचेतनामूलक कार्यक्रम सहित सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरिएको छ ।
- जेष्ठ नागरिक परिचय पत्र सबै वडा मार्फत हालसम्म १ हजार ५५ जनालाई वितरण गरिएको छ ।
- अपांगता परिचयपत्र हालसम्म यस गाउँपालिकाभित्र (शारीरिक २६७, दृष्टि ६६, सुनाई ६४, श्रवण दृष्टिविहीन २, स्वर र बोलाई ६, मानसिक वा मनोसामाजिक ५२, बौद्धिक ४, अनुबंशीय रक्तश्राव हेमोफेलिया १, अटिजम २ र बहु अपांगता ९३ जना) क वर्गको १३५ जना, ख वर्गको २७९ जना, ग वर्गको १३४ र घ वर्गको ४३ जना गरी कूल ५९१ जनालाई वितरण गरिएको छ ।
- आ.ब.२०७९/०८० मा स्वास्थ्य संस्थामा जन्मिएका २८ जना छोरीहरूलाई सम्मान स्वरूप ३००० का दर जम्मा ८४ हजार बैंकमा जम्मा गरिएको छ ।

**८.११. सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ :**

- आ.ब.२०७९/०८० मा गाउँपालिका भित्रका सबै वडाका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिरूको नवीकरण गरिएको छ ।
- आ.ब.२०७९/०८० मा गाउँपालिका भित्रका सबै वडाका कूल २८९५ जना लक्षित (जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, अपांगता भएका, दलित बालबालिका) वर्गका लाभग्राहीहरूलाई ९ करोड ६ लाख ९ हजार १ सय ५६ रूपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- नेपाल सरकारको निर्णयानुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघात सम्बन्धी रोग लागि हालसम्म यस गाउँपालिकामा दर्ता भएका जम्मा ३३ जना बिरामीलाई त्रैमासिक रूपमा औषधि उपचार बापत रू.२० लाख १५ हजार रूपैयाँ वितरण गरिएको छ ।

**८.१२. सहकारी तर्फ :**

- बलेफी गाउँपालिकाभित्र कार्यक्षेत्र भएका बचत तथा ऋण सहकारी संस्था २५ वटा, कृषि सहकारी संस्था १७ वटा, दुग्ध उत्पादन सहकारी संस्था ८ वटा, सानाकिसान कृषि सहकारी संस्था ७ वटा, बहुउद्देश्सीय सहकारी संस्था ३ वटा, जैविक कृषि सहकारी संस्था ३ वटा र उपभोक्ता सहकारी संस्था ३ वटा गरी जम्मा ६६ वटा सहकारी आवद्ध रहेका छन् । आवद्धमध्ये ३३ वटा सक्रिय र ३३ वटा निष्क्रिय रहेको छ ।
- बफेफी गाउँपालिकाभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरूलाई अन्तरक्रिया तथा सहकारी सञ्जाल गठन गरी पालिकास्तरीय १३ सदस्सीय सहकारी सञ्जाल गठन गरिएको छ ।

- यस गाउँपालिकको अधिकारमा रहेका केही सहकारी संस्थाहरूको विनियम संशोधन तथा प्रमाणित गर्ने कार्य सम्पन्न गरिएको छ ।

८.१३. **जिन्सी तथा आन्तरिक व्यवस्थापन तर्फ :**

- आ.ब.२०७८/०७९ को वार्षिक जिन्सी निरीक्षणको कार्य सम्पन्न गरिएको छ ।
- प्रचालित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अबलम्वन गरी गाउँपालिका तथा मातहतका कार्यालयहरूलाई स्वीकृत बजेटको परिधिभित्र रही खरिदका कार्यहरू नियमित रूपमा गरिएको छ ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ ।

८.१४. **सूचना प्रविधि तर्फ :**

- आ.व. २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (**LISA**), स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (**FRA)** एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (NNRFC) का लागि आवश्यक कागजातहरु संकलन गरि पोर्टलमा प्रविष्टि गरियो।
- गाउँपालिका अन्तर्गतका केहि वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरुमा ई-हाजिरी (**E-Attendance)** जडान गरि पूर्ण रूपमा कार्यान्वयन ल्याइयो।
- गाउँपालिका अन्तर्गत वडा नं. ८ लामोसाँघुको वडा कार्यालय भवनमा सी.सी.टि.भी. (**CCTV)** जडान गरिएको छ।
- गाउँपालिकाको वेबसाइट (**Website**) र सामाजिक सञ्जाल **Facebook page** लाई अपडेटेड राखिएको छ।
- अन्य सरकारी कार्यालयहरुबाट माग भए बमोजिमका विवरणहरु र गाउँपालिकाद्वारा संचालनमा ल्याइएका विभिन्न सफ्टवेयरहरुमा आवश्यकता अनुसारको विवरण अद्यावधिक गरिएको छ।
- गाउँसभा र कार्यपालिकाबाट स्वीकृत **आर्थिक ऐन, बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, सार्वजनिक सेवा प्रवाह मापदण्ड** हरुलाई राजपत्रमा प्रकाशित गरिएको छ।
- आ.व. २०७८/७९ को सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरुको सम्पति विवरण संकलन गरि राष्ट्रिय सतर्कता केन्द्रको **Website** अपलोड गरेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा पेश गरिएको छ।

८.१५. **वातवारण तथा विपद् व्यवस्थापन तर्फ :**

- मनसुजन्य विपद्बाट क्षति भएको निजी अवास पुन:निर्माणका लागि लागत सहभागिता सहित २ वटा घरधुरीसंग सम्झौता भई रकम निकासा हुन बाँकी रहेको छ। (वडा नं. ८ काबद्रीकुमार श्रेष्ठ र मनिषा श्रेष्ठ)

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

- मनसुजन्य विपद्बाट क्षति भएको निजी अवास पुनःनिर्माणको १ वटा घरधुरीको दोस्रो किस्ता रकम निकासा भएको छ । ( वडा नं. ७ का कृष्णप्रसाद तिमल्सिना)
- मनसुजन्य विपद्बाट क्षति भएको निजी अवास पुनःनिर्माणको १ वटा घरधुरीको दोस्रो किस्ता रकम निकासा भई भुक्तानी समेत भइसकेको छ । (वडा नं.७ का राजकुमार दर्जी)
- आंशिक क्षति भएको २० घरधुरीलाई राहत रू.१० हजारका दरले वितरण गरिएको छ ।
- खमारे बस्तीका ३७ घरधुरीलाई जग्गा भाडामा लिई अस्थायी व्यवस्थापन निरन्तरता दिइरहेको छ ।

**८.१६. न्यायिक कार्य तर्फ :**

- न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि वडागत रूपमा वडा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।
- बलेफी गाउँपालिकाको सबै वडालाई समेटेर ३० जना सहभागीहरूलाई ८ दिने आधारभूत तालिम संचालन गरिएको छ ।
- आ.ब.२०७९/०८० मा न्यायिक समितिमा दर्ता भएका विवाद २४ वटामा १६ फछ्र्यौट भएको र बाँकी कार्यान्वयनको क्रममा रहेको छ ।
- मेलमिलापकर्ता र न्यायिक समिति बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

**८.१७. उद्यम विकास तर्फ :**

- बलेफी गाउँपालिकाको वडा नं. १,२,३ र ७ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पाको पहिलो चरण सामाजिक परिचालनभित्रका (अभिमूखीकरण, बस्ती छनौट, स्रोत सम्भाव्यता अध्ययन, समूह गठन र घरधुरी सर्भेक्षण) क्रियाकलापहरू सम्पन्न गरिएको छ ।
- बलेफी गाउँपालिकाको वडा नं.३ र ७ मा सहभागितामूलक ग्रामीण लेखाजोखा सम्बन्धी १ दिने कार्यक्रम सम्पन्न गरी ६० जना उद्यमशीलता तालिमका लागि सहभागी छनौट गरिएको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा मोडुल अनुसार दोस्रो चरणको ८ दिने उद्यमशीलता विकास तालिमा संचालन गरी ४ वटा (बाख्रापालन, कुखुरापालन, गलैंचा बुनाई र डल तथा कुसन बुनाई) सीप विकास तालिम छनौट गरिएको छ ।
- सीप विकास तालिम अन्तरगत छोटो अवधिको कुखुरा पालन, बाख्रा पालन २० जनालाई, मध्यम अवधिको डल तथा कुसन बुनाई तालिममा १३ जनालाई र लामो अवधिको गलैंचा बुनाई तालिम ४९ जनालाई प्रदान गरिएको छ ।
- मेड्पा मोडुलको प्रविधि हस्तान्तरण तर्फ गलैंचा बुनाईका उद्यमीहरूलाई समूहमा ३० वटा तान सेट तथा सहायक सामग्री हस्तान्तरण गरिएको छ ।
- बलेफी गाउँपालिका वडा नं.१,२,४,५ र ८ मा पुरानो उद्यमीहरूलाई (बाख्रा, कुखुरा र बंगुर) स्तरोन्नती सीप विकास तालिम ४० जनालाई संचालन गरिएको छ ।
- वडा नं. ४ र ८ का पुरानो सिलाई कटाई व्यवसाय गरिरहेका उद्यमीहरू ३ जनालाई इन्टिरलक र सिलाई मेसिन हस्तान्तरण गरिएको छ ।

रवीन्द्र दहाल
प्रमुख प्रशासकीय अधिकृत

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- गलैंचा बुनाई व्यवसाय गरिरहेका लघु उद्यमीहरूलाई याङ्ग्रीमा मल्टिपल प्रा.लि.संग गलैंचा बजारीकरण सम्बन्धी सम्झौता गरी बिक्री प्रवर्धन मिलाइएको छ ।
- वडा नं.३ र ७ मा लघु उद्यमी र वित्त सेवाप्रदाक सहकारी संस्थासंग सहुलियत कर्जाका लागि समन्वयात्म कार्यक्रम ७५ जनामा सम्पन्न गरिएको छ ।
- आ.ब.२०७९/०८० मा गरिबी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रममा संघीय सशर्त अनुदानबाट प्राप्त ३० लाख बजेटमध्ये २९ लाख ८८ हजार ९ सय ५२ रूपैया खर्च गरिएको छ ।

**८.१८.बालमैत्री स्थानीय शासन घोषणा तर्फ :**

- बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयन अबलम्वन तथा घोषणा सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रमको पूर्वतयारी बैठक सम्पन्न गरिएको छ। जसमा १७ जनाको रहेको थियो ।
- पालिका स्तरीय र वडा स्तरीय ९ जना बालमैत्री सहजकर्ताहरूको नियुक्ती गरिएको छ ।
- बालमैत्री सहजकर्ता र वडा सम्पर्क व्यक्तिको क्षमता विकास तालिम ४० जनालाई संचालन गरियो ।
- बालमैत्री स्थानिय शासन सम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयन अबलम्वन तथा घोषणा सम्बन्धी वडास्तरीय अभिमूखीकरण कार्यक्रम प्रत्येक वडामा सम्पन्न गरिएको छ ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी सूचना बोर्ड विद्यालय र वडा गरी १५० वटा र पर्चा ६०० वटा पम्प्लेट प्रकाशन गरी वितरण गरिएको छ ।
- समुदाय, वडा र विद्यालय स्तरीय बाल समूह ९७ वटा गठन भएका छन् भने ९४९ जना बालिका र ९९२ बालक समूहमा आवद्ध गरिएको छ ।
- गाउँपालिका स्तरीय बाल सञ्जाल १७ जना सदस्य रहने गरी गठन गरिएको छ ।
- प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, स्वास्थ्य चौकी इन्चार्ज, राष्ट्रिय महिला सामुदायिक स्वंयम सेविका, युवा क्लब, गैरसरकारी संघसंस्था, सहकारी सञ्चारकर्मीहरूलाइ बालमैत्री स्थानीय शासनको नीतिगत व्यवस्थाको कार्यान्वयन अबलम्वन घोषणा र दिगोपनामा रहने भूमिका सम्बन्धी पालिकास्तरीय अर्न्तक्रिया कार्यक्रम २ पटक सम्पन्न गरिएको छ ।
- बालबालिकाको वस्तुगत विवरणको प्रश्नावली तयार, मोबाइल एप्स तयार, घरधुरी सर्भे वडागत तथा पालिकास्तरीय विवरण प्रकाशनको मस्यौदा प्रस्तुतीकरण २ पटक गरिएको छ ।
- आ.ब.२०७९/०८० मा बलेफी गाउँपालिकाका बालबालिकाको वस्तुगत विवरण तयारीको क्रममा गरिएको घरधुरी सर्वेक्षणबाट जम्मा ५२९२ घरधुरीमा १०७३५ महिला र १११७२ पुरूष गरी जम्मा २१८९७ जनाको तथ्यांक संकलनको कार्य सम्पन्न गरिएको छ। उल्लेखित तथ्यांक मध्ये १८ वर्षभन्दाकम उमेरका २७५० बालिका र ३१२३ बालक गरी जम्मा ५८७३ जना रहेको छ ।
- बाल समूहको बैठक मासिक रूपमा १६१ वटा बसेकोमा जसमा ४४६ जना बालक र ४७८ जना बालिका गरी ९२४ जनाको सहभागिता रहेको छ ।
- वडा स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन सबै वडामा १५६ जना पुरूष र २०७ जना महिलाहरूको सहभागिता सम्पन्न गरिएको छ ।

- वडा बालअधिकार समितिको बैठक ९४ जनाको सहभागितामा २७ वटा सम्पन्न गरिएको छ ।
- बाल संजाल बैठक १७ वटा सम्पन्न गरिएको छ ।

**८.१९. प्रशासन शाखा तर्फ :**

- आ.ब.२०७९/०८० मा १०१९ वटा चिठ्ठी पत्रहरू दर्ता गरिएको छ भने २६१६ चलानी गरिएको छ ।

## ९. सूचना माग सम्बन्धी निवेदनको विवरण

**आ.ब.२०७९/०८० मा माग भएको सूचनाको विवरण देहाय बमोजिम छ :**

| क्र.सं. | निवेदक | मिति | विषय | फछ्र्यौटको अवस्था |
|---|---|---|---|---|
| १ | अमृतप्रसाद अधिकारी, तोकबहादुर गहतराज | २०७९/०६/०४ | घर भाडाको सम्झौता सम्बन्धी विवरण | फछ्र्यौट भएको |
| २ | दिया चन्द | २०८०/०१/१० | पत्रपत्रिकाको भुक्तानी विवरण | फछ्र्यौट भएको |
| ३ | टिका सुवेदी | २०८०/०२/१९ | खानेपानीको मुहान दर्ता सम्बन्धी विवरण | फछ्र्यौट भएको |
| ४ | बलराम पराजुली | २०८०/०३/०१ | पुरानो मांखा गाविस भवन मर्मत योजनाको विवरण | फछ्र्यौट भएको |

## १०. ऐन, नियम, कार्यविधि र निर्देशिकाको सूची :

विधायन समितिबाट आवश्यक छलफल भई गाउँकार्यपालिका तथा गाउँसभाबाट आ.ब.२०७९/०८० को असारमसान्तसम्मको अवधिमा देहाय बमोजिमको ऐन, नियम, कार्यविधि, तथा मापदण्ड निर्माण गरिएको छ :

- बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०७९
- बलेफी गाउँपालिकाको विनियोजन विधेयक, २०७९
- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि संशोधन, २०७९
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक,२०७९
- बलेफी गाउँपालिकाको कृषि व्यवसाय प्रबर्द्धन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको संघ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९
- बलेफी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७९
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७९
- शिक्षा सम्बन्धी विधेयक, २०७९
- खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन (कार्यविधि) विधेयक, २०७९
- लैंगिक समानता र सामाजिक समावेशीकरण रणनीति, २०७९

रेवन्त बहाल
प्रमुख प्रशासकीय अधिकृत

- सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९
- सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८०

**११. आय व्यय विवरण :**

**(क) आम्दानी तर्फ :**

- आ.ब.२०७९/०८० को असार मसान्तसम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी, सडक बोर्ड कार्यक्रम र आन्तरिक आम्दानी गरी जम्मा रू.५४ करोड २७ लाख ६१ हजार २ सय ५७ रूपैयाँ ७३ पैसा प्राप्त भएको छ।

**(ख) खर्च तर्फ :**

- आ.ब.२०७९/०८० को असार मसान्तसम्म चालु तर्फ रू. २८ करोड ९३ लाख ४८ हजार ७ सय ३१ रूपैयाँ ३४ पैसा (८७.४७ प्रतिशत) र पूँजीगत तर्फ रू. १७ करोड ९५ लाख ८९ हजार ६ सय ५ रूपैयाँ ५८ पैसा (६९.२ प्रतिशत) गरी कूल जम्मा रू.४६ करोड ८९ लाख ३८ हजार ३ सय ३६ रूपैयाँ ९२ पैसा (७९.४३ प्रतिशत) खर्च भएको छ।

**१२. बलेफी गाउँपालिकाका काम गर्ने संस्थाहरूको विवरण:**

| क.सं. | संस्थाको नाम | काम गर्ने क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | विश्व खाद्य कार्यक्रम | दिवा खाजा, पोषण सुधारमा नीतिगत सहयोग | |
| २ | सिविस नेपाल | बाल अधिकार, बाल संरक्षण | |
| ३ | ISAP नेपाल | कृषि, खानेपानी | |
| ४ | जनहित ग्रामीण सेवा समिति | झोलुंगे पुल निर्माण | |
| ५ | महिला आत्मनिर्भरता केन्द्र | स्वास्थ्य | |
| ६ | रेस्ट नेपाल | विद्यार्थी छात्रबृत्ति सहयोग | |

**१३. कार्यालयको वेवसाइट, इमेल, फेसबुक पेज तथा सम्पर्क नम्बरहरू :**

- वेवसाइट www.balephimun.gov.np
- इमेल ठेगाना : balephi2017@gmail.com
- फेसबुक पेज : https://www.facebook.com/balephiruralmunicipality
- सम्पर्क नम्बर : ०११-४००५३६, ०११-४००५३८, ०११-४००५३९

**१४. कार्यालयको मुख्य व्यक्तिहरूको नाम, सम्पर्क नम्बर तथा इमेल :**

- बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री रेवन्त दहाल,
  सम्पर्क नम्बर : ९८५१२४३६३७,
  इमेल ठेगाना : balephi2017@gmail.com
- बलेफी गाउँपालिकाको प्रवक्ता श्री रमेशकुमार श्रेष्ठ,
  सम्पर्क नम्बर : ९८५११९५२२५,
  इमेल ठेगाना : balephiward8@gmail.com
- बलेफी गाउँपालिकाको सूचना अधिकारी श्री ज्ञानु तामाङ,
- सम्पर्क नम्बर : ०११४००५३८
- इमेल ठेगाना : balephi2017@gmail.com

रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत